ताप्ली गाउँपालिका

गाउँ कार्यपालिको कार्यालय

रुपाटार, उदयपुर

# स्थानीय राजपत्र

नेपालको संविधानले शिक्षाको अधिकारलाई मौलिक हकको रुपमा स्थापित गरेको छ ।बालबालिकाको हक,महिलाको हक,जनजाति तथा पिछडिएका वर्गको लागि संरक्षणको विशेष व्यवस्था गरेको छ । साथै अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता,दिगो विकासका लक्ष्य नं ४ मा गुणस्तरिय तथा समावेशी शिक्षामा पहुचँ र जीवनपर्यन्त शिक्षाको प्रवर्द्धान गर्ने तय गरिएको छ। सविंधानको अनुसूची ८ मा माध्यमिक स्तर सम्मको शिक्षण सिकाइको संचालन तथा त्यसको नियन्त्रण स्थानीय तहको दायित्व भनी स्पष्ट उल्लेख भएको र शिक्षा ऐन,२०२८ को दफा ११ ण मा नेपाल सरकारले निम्न माध्यमिक शिक्षा र माध्यमिक शिक्षाको लागि विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिमको छात्रवृत्ती व्यवस्था गर्न सक्ने,शिक्षा नियमावली,२०५९को नियम १५२ मा निशुल्क शिक्षा उपलब्ध गराउनु पर्ने व्यवस्था अन्तर्गत सामुदायिक विद्यालयले गरीवीको रेखा मुनी रहेको दलित जनजाती र महिला लगायत अन्य विद्यार्थीलाई निशुल्क शिक्षाको व्यवस्था गर्नुपर्ने प्रावधान रहेको साथै स्थानीय सरकार सञ्चालन ऐन,२०७४ दफा ११ ज विद्यालय शिक्षा सञ्चालन तथा व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई भएकोले ताप्ली गाँउपालिकाले आफ्नो क्षेत्र भित्रका सबै विद्यार्थीको शिक्षामा समान पहुँच सुनिश्चित गर्न , सुविधा विहिन तथा सामाजिक तथा आर्थीक रुपमा पछि परेका ताप्ली गाँउपालिकाको बालबालिका तथा विद्यालय र उच्च शिक्षा उमेरका यूवाहरुलाई साधारण तथा प्राविधिक शिक्षामा सहज पहुचँको सुनिश्चितता गर्न ताप्ली गाउँपालिका भित्र स्थायी बसोबास गरिरहेका परिवारका सन्ततीलाई मात्र प्राविधिक धारतर्फको उच्च शिक्षा अध्ययन गर्नको लागि ताप्ली गाउँपालिकाले तोकिए बमोजीमको रकम छात्रवृति उपलब्ध गराई प्राविधिक शिक्षामा गाउँपालिका भित्रका जनताको सन्ततीको आकर्षण बढाउनु वाञ्छनिय भएकोले ताप्ली गाउँ पालिकाको शिक्षा ऐन २०७७ बमोजिम ताप्ली गाँउपालिकाको छात्रवृत्ती तथा प्रोत्साहन अनुदान वितरण कार्यविधि,२०७९ जारी गरीएको छ ।

## ताप्ली गाँउपालिकाको छात्रवृत्ती तथा प्रोत्साहन अनुदान वितरण कार्यविधि २०७९

विक्रम सम्बत २०७९ सालको कार्यविधि न ....

परिच्छेद -१

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम" ताप्ली गाउँपालिका छात्रवृत्ती तथा प्रोत्साहन अनुदान वितरण कार्यविधि,२०७९ रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुने छ ।

२. **परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) "ऐन" भन्नाले ताप्ली गाउँ शिक्षा ऐन,२०७७ लाई सम्झनुपर्छ।

(ख) " नियमावली भन्नाले ताप्ली गाँउपालिकाको शिक्षा नियमावली २०७७ लाई सम्झनुपर्छ ।

(ग) "प्राविधिक धार" भन्नाले विद्यालयमा नेपाल सरकारबाट स्वीकृत प्राविधिक विषयतर्फको संकाय वा क्षेत्रलाई सम्झनुपर्छ ।

(घ) "उच्च शिक्षा " भन्नाले SEE वा +२ पछिको प्राविधिक धारको ३ वर्षे वा ४ वर्षे डिप्लोमा कोर्षलाई सम्झनुपर्छ।

(ङ) "प्रमुख" भन्नाले ताप्ली गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(च) "प्रशासकीय अधिकृत" भन्नाले ताप्ली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाइ सम्झनुपर्छ ।

(छ) "विपन्न " भन्नाले ताप्ली गाँउपालिकाको वडा कार्यालयहरुले नियमानुसार विपन्न भनि सिफारिस गरेको विद्यार्थी वा उसको परिवारलाई सम्झनुपर्छ ।

(ज) "शिक्षा समिति" भन्नाले ताप्ली गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ ।

(झ) "शिक्षा शाखा" भन्नाले ताप्ली गाउँपालिकाको कार्यालयको शिक्षा शाखालाई सम्झनुपर्छ।

(ञ) " छात्रवृत्ति छनोट तथा व्यवस्थापन समिति" भन्नाले उच्च शिक्षा अध्ययनको लागि छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि २०७९ को परिच्छेद - २ बमोजिमको समितिलाई सम्झनुपर्छ ।

(ट) " कार्यपालिका " भन्नाले ताप्ली गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(ठ) "सामुदायिक विद्यालय" भन्नाले प्रचलित कानुन बमोजिम नेपाल सरकारबाट अनुमति र स्वीकृति लिई अनुदान प्राप्त गर्ने ताप्ली गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयलाई सम्झनुपर्छ।

(ड) "प्रचलित कानुन" भन्नाले शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९, स्थानिय सरकार सञ्चालन ऐन २०७४,शिक्षक सेवा आयोग नियमावली २०५७,नेपालको संविधान २०७२ लगायत नेपाल सरकारका अन्य ऐन नियम तथा कानुनलाई सम्झनुपर्छ।

(ढ) "MBBS" भन्नाले Bachelor of Medicine and Bachelor of Surgery भन्ने बुझिन्छ ।

(ण) "प्राविधिक शिक्षा" भन्नाले अनुसुची - १ बमोजिमको शिक्षा सम्झनुपर्छ ।

(त) "वडा" भन्नाले ताप्ली गाँउपालिकाको वडा सम्झनुपर्छ ।

(थ) "स्थायी बासिन्दा" भन्नाले गाँउपालिकामा बसाइसराइ गरेर आएका वा मतदाता सुचीमा नाम समावेश भएका र स्थायी रुपमा निरन्तर वसोवास गरिरहेका नागरिकलाई सम्झनुपर्छ ।

## परिच्छेद -२

## छात्रवृत्ती छनौट तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

३. गाँउपालिका स्तरिय छात्रवृत्ती छनौट तथा व्यवस्थापन समितिः ताप्ली गाँउ पालिकामा देहायका सदस्यहरु रहेको एक गाँउ पालिका स्तरिय छात्रवृत्ती छनौट तथा व्यवस्थापन समितिको गठन हुनेछ।

(क) ताप्ली गाँउपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) ताप्ली गाँउपालिकाको उपाध्यक्ष —सदस्य

(ग) ताप्ली गाँउपालिकाको प्रमुख प्राशासकिय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समितिको संयोजक - सदस्य

(ङ)शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(च) समितिको बैठक सम्बन्धी व्यवस्थाः समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।बैठक सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ ।

४. छात्रवृत्ती वितरण गर्दा अवलम्वन गर्नुपर्ने मापदण्डः विभिन्न छात्रवृत्ती तथा अनुदान रकम वितरण गर्दा तपसिलका कागजात सहित आवेदन संकलनको लागि कम्तिमा १५ दिनको सुचना प्रकाशन गर्नुपर्नेछ।

आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरुः

१. विद्यार्थीको नागरिकता, जन्मदर्ताको प्रमाण-पत्र

२. विद्यार्थी परिचय-पत्रको प्रतिलीपी

३. अपाङ्गताको लागि अपाङ्गता परिचय-पत्रको प्रतिलीपी

४. आमा बाबुको अवस्था खुल्ने कागजात (मृत्यु भएको भएमा मृत्य दर्ता, विपन्नको वडाको सिफारीस पत्र)

५. आदिवासी जनजातीको लागि आधिकारीक निकायबाट प्रमाणीत पत्रको प्रतिलीपी (नेपाल आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत नभएकाहरुको लागि मात्र)

६. दलितको हकमा उक्त थर भएको व्यक्ति दलित जाती हो भनेर आधिकारीक निकायबाट प्रमाणित पत्रको प्रतिलीपी (राष्ट्रिय दलित आयोगमा सुचीकृत नभएकाहुरको लागि मात्र)

७. SEE, BLE +2 उत्तीर्ण प्रमाणको प्रमाणित प्रतिलीपी ।

८. बुहारी छात्रवृत्तीको लागि विवाह दर्ताको प्रमाण पत्र ।

५. छात्रवृत्ती छनौट तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः

१. छात्रवृत्ती छनौट तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) आवेदन सहित फारम भर्न आह्वान गरि अनुसुचि-२ बमोजिमका आधारहरु सहित सूचना प्रकाशन गर्ने

(ख) विद्यार्थीहरुबाट प्राप्त निवेदन अनुसूचि-२ बमोजिमको आधार हुनेगरी दर्ता गर्ने ।

(ग) दर्ता भएका निवेदन, विद्यार्थीका कागजात तथा प्रमाणपत्रहरु रुजु गर्ने ।

(घ) उपदफा (ख) र (ग) बमोजिमका विद्यार्थीहरुका विवरण र प्रमाणित कागजातको आधारमा अनुसूचि-३ अनुसारको ढाँचामा विद्यार्थीहरुलाई अङ्क प्रदान गर्ने।

(ङ) प्राप्त गरेको अङ्कको आधारमा योग्यताक्रम तयार गर्ने।

(च) तयार गरेको योग्यताक्रमको आधारमा शिक्षा समितिमा सिफारीस गर्ने ।

(छ) शिक्षा समितिको निर्णयानुसार छनौट भएको विद्यार्थीहरुलाई उनीहरु अध्ययन गर्ने विद्यालयको खातामा मात्र छात्रवृति रकम एकमुष्ट निकासा दिने व्यस्था मिलाउने ।

(ज) छात्रवृत्ती व्यवस्थापन सम्बन्धी नीत तर्जुमाका लागि ताप्ली गाँउपालिकामा राय सुझाव पेश गर्ने । रकम प्राप्त भएपछि विद्यालयले सम्वन्धीत विद्यार्थीहरुलाई भर्पाई गराइ रकम उपलब्ध गराउने वा उक्त रकमबाट आवश्यक शुल्क कटाई त्यसको प्रमाण रसिद विद्यार्थीलाई उपलब्ध गराउने र प्रमाणित कपि शिक्षा शाखामा उपलब्ध गराउनु पर्नेछ।

(झ) एकाघरको परिवारबाट परिच्छेद ३,४, ५, ६, ७, मध्येकुनै छात्रवृत्तिको लागि दईुवा दईुभन्दा बढी व्यक्तिहरुबाट आवेदन प्राप्त भएमा अधिकतम तहमा अध्ययनरत कुनै एक जना व्यक्तिलाई मात्र निज व्यक्तिले आवेदन दिएको छात्रवृत्ति उपलब्ध गराइनेछ र एउटै तहमा अध्ययनरत रहेको हकमा शिक्षा समितिको निर्णयानसुार कुनै एक जनालाई मात्रै छात्रवृत्ति उपलब्ध गराईनेछ ।

२. लाभग्राही प्राथमिकिकरण अनसुची ३ को मापदण्डको आधारमा गरिनेछ ।

३. छात्रवृत्ति रकम विद्यार्थी अध्ययनरत शिक्षण संस्था मार्फत प्रदान गरिनेछ ।

परिच्छेद -३

६. दलित उच्च शिक्षा कायक्रमः १. दलित उच्च शिक्षा अध्ययन प्रोत्साहन अनदुान प्राप्त गर्ने आधारहरु निम्न बमोजिम हुनेछन्:

(क) प्रविणता प्रमाण पत्र तह, स्नातक, स्नातकोत्तर वा सो सरह तथा सो भन्दा माथिल्लो तहमा अध्ययन गरिरहेका दलित विद्यार्थीलाई प्रदान गरिनेछ।

(ख) विद्यालय शिक्षाको माथिल्लो तह कक्षा ११ र १२ मा प्राबिधिक बिषयहरु बाली, बिज्ञान पशुबिज्ञान, कम्प्युटर, ईन्जिनियरिङ, सिभिल ईन्जिनियरिङ, ईलोक्ट्रोनिक्स ईन्जिनियरिङ जस्ता प्राबिधिक बिषय लगायत कानु र बिज्ञान अध्ययन गरिरहेका बिद्यार्थीहरुलाई प्रदान गरिनेछ ।

(ग) SEE पछिका डिप्लोमा तहमा ३ वर्ष प्राबिधिक बिषयहरु बाली बिज्ञान, पश बिज्ञान, कम्यटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, ईलोक्ट्रोनिक्स इन्जिनियरिङ लगायत कानुन, बिज्ञान जस्ता बिषय अध्ययन गरिरहेका बिद्यार्थीहरुलाई प्रदान गरिनेछ ।

(घ) SEE पछि मान्यता प्राप्त शिक्षण सस्था वा तालिम केन्द्रबाट बिषयमा १८ महिने वा त्यस्त किसिमका तालिम लिइरहेका विद्यार्थीहरुलाई प्रदान गरीनेछ ।

(ङ) छात्रबृत्ति रकम अनसुची -४ बमोजिम हनेुछ ।

(च) छात्रवृत्ति प्रदान गरिने बिषय र रकम माथि उल्लखित बमोजिम तथा नतोकिएको बिषयका हकमा गाउ शिक्षा समितीका निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद - ४

७. प्राविधिक शिक्षा छात्रवृत्ति कायक्रम

२. प्राविधिक शिक्षा छात्रवृत्ति प्राप्त गर्ने आधारहरु निम्न बमोजिम हुनेछन् ।

(क) यस छात्रवृत्ति अनसूची -१ बमोजिमको विषय तथा SEE पछि मान्यता प्राप्त शिक्षण संस्था वा तालिम केन्द्रबाट प्राविधिक विषयमा १८ महिने वा त्यस्तै किसिमका तालिम लिइरहेका विद्यार्थीहरुलाई यो छात्रवृत्ति प्रदान गरिनेछ ।

(ख) विद्यालय शिक्षाको माथिल्लो तह कक्षा ११ र १२ मा प्राबिधिक विषयहरु बाली, बिज्ञान पशु बिज्ञान, कम्प्युटर ईन्जिनियरिङ, सिभिल ईन्जिनियरिङ, ईलोक्ट्रोनिक्स ईन्जिनियरिङ जस्ता प्राबिधिक बिषय लगायत कानून, विज्ञान र होटेल व्यवस्थापन अध्ययन गरिरहेका बिद्यार्थीहरुलाई प्रदान गरिनेछ ।

(ग) छात्रबतृी रकम अनसुचुी -३ बमोजिम हुनेछ ।

(घ) छात्रवृती प्रदान गरीने बिषय र रकम माथि उल्लखित हुनेछ तथा नतोकीएका बिषयका हकमा गाउ शिक्षा समितीको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद -५

## बुहारी छात्रवृत्ति कार्यक्रम

८. बुहारी छात्रवृत्ती प्राप्त गर्ने निम्न बमोजिम हुनेछन ।

क. २० वर्ष उमेर पुरा गरि विवाह गरेका ताप्ली गाउँपालिकामा स्थायी बसोवास भएका र आफ्नो अध्ययनलाइ निरन्तरता दिइरहेका बुहारीहरुलाई मात्र यो छात्रवृत्ती उपलब्ध गराइनेछ ।

ख. मा. वि ११-१२ , स्नातक, स्नातकोत्तर वा सो सरह तथा सो भन्दा माथिल्लो तहमा जुनसुकै विषय अध्ययन गरिरहेका विवाहित विद्यार्थीहरुलाई यो छात्रवृत्ती प्रदान गरिनेछ ।

ग. SEE पछि मान्यता प्राप्त शिक्षण संस्था वा तालिम केन्द्रबाट प्राविधिक बिषयमा १८ महिन वा त्यस्त किसिमका तालिम लिइरहका विद्यार्थीलाइ प्रदान गरिनेछ ।

घ. छात्रवृत्ति रकम अनसुचुी -३ बमोजिम हनेुछ।

## परिच्छेद- ६

## असहाय विपन्न निशुल्क विद्यालय शिक्षा छात्रवृत्ती

९. असाहाय विपन्न छात्रवृत्ती प्राप्त गर्ने आधारहरु निम्न हुनेछन् ।

(क) शिक्षामा सिमान्तकृत समुदायका पहुँच सुनिश्चित गर्न, विद्यालय छाडने दरमा कमि ल्याउन र यस गाउपालिकाका समस्याका रुपमा रहको बाल विवाहका दरमा समेत कमि ल्याउने उद्दश्यले यस गाउँपालिकाले यस छात्रवृत्तीको ब्यबस्था मिलाएको छ ।

(ख) यस गाउपालिका भित्र स्थाइ बसाबास भइ बाब, आमा वा दुवै नभएका तथा बाब, आमा वा दुवै भएर पनि आथिक रुपल बिपन्न भनी एकिन गरी सम्बन्धित वडाले गरका सिफारिसका आधारमा छात्रवृत्ति उपलब्ध गराईनेछ ।

(ग) छात्रवृत्ती पाथमिक तहका हकमा आथिक, सामाजिक कारणल विद्यालय शिक्षाको पहच नपगेका, विद्यालय बाहिर रहेका र विद्यालय भित्र रहेका बालबालिकालाइ प्रदान गर्न सक्ने तथा आधारभत (कक्षा ६ तह वा सा भन्दा माथिल्ला तहका हकमा शिक्षण सस्थामा अध्ययन गरिरहेका विद्यार्थीलाइ यो छात्रबत्ति प्रदान गरिनेछ।

(घ) विद्यालय शिक्षाका माथिल्ला तह कक्षा ११ र १२ मा शिक्षा, कला र ब्यबस्थापन बिषय लिइ अध्ययन गर्ने विद्यार्थीलाइ यस छात्रवृत्ती प्रदान गरिने छैन तर सोही तहमा शिक्षा बिषय अन्तर्गत मख्य बिषय गणित वा बिज्ञान लिइ पढिरहेका विद्यारर्थीलाइ यो छात्रवृत्ती वितरण गन बाधा पर्ने छैन ।

(ङ) विद्यालय शिक्षाका माथिल्ला तह कक्षा ११ र १२ मा प्राविधिक बिषयहरु बाली बिज्ञान,पशु बिज्ञान, कम्प्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, ईलोक्ट्रोनिक्स इन्जिनियरिङ लगायत कानुन, स्वास्थ, बिज्ञान जस्ता प्राविधिक बिषय अध्ययन गरिरहेका विद्यार्थीलाइ प्रदान गरीनेछ ।

(च) SEE पछिका डिप्लोमा तहमा ३ बर्ष प्राविधिक बिषयहरु बाली बिज्ञान,पशु बिज्ञान, कम्प्यटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, ईलोक्ट्रोनिक्स इन्जिनियरिङ,लगायत कानुन, स्वास्थ, बिज्ञान जस्ता प्राविधिक बिषय अध्ययन गरिरहका बिद्यार्थीलाइ प्रदान गरिनेछ ।

(छ) SEE पछि मान्यता प्राप्त शिक्षण सस्था वा तालिम केन्द्रबाट प्राविधिक बिषयमा १८ महिना वा त्यस्ता किसिमका तालिम लिइरहेका बिद्यार्थीलाइ प्रदान गरिनेछ।

(ज) छात्रबृत्ति रकम अनसुचुी -३ बमोजिम हनुेछ।

(झ) छात्रवृत्ति प्रदान गरिने बिषय र रकम माथि उल्लखित बमोजिम तथा नतोकिएका बिषयका हकमा गाउ शिक्षा समितीका निर्णय बमोजिम हुनेछ।

## परिच्छेद-७

## MBBS अध्ययन सहयोग छात्रवृत्ती कार्यक्रमः

१०. **MBBS** अध्ययन सहयोग प्राप्त गर्ने आधारहरु निम्न बमोजिम हुनेछन् ।

(क) प्राप्त दरखास्त मध्ये रित पुगेकालाइ प्रतिस्पर्धा गराई गाउँ शिक्षा समितिको निर्णय बमोजीम ५ वर्षको लागि १ जनालाई मात्र अनुसूची – ३ बमोजीम तोकीएको रकम उपलब्ध गराईनेछ ।

(ख) छात्रबृत्ति रकम सम्बन्धित शिक्षण सस्थालाइ प्रदान गरिनेछ।

(ग) **MBBS** तहमा अध्ययन गरिरहेका विद्यार्थीहरुलाइ यो छात्रबृत्ति प्रदान गरिनेछ।

(घ) छात्रवृत्ति प्राप्त गर्ने व्यक्तिले अध्ययन समाप्ति पछी गाउँपालिकाले तोकिएको ठाउँमा तोकिएको समयावधिको लागि सेवा प्रदान गर्नु पर्नेछ र सोको लागि छात्रवृत्ति प्राप्त गर्नु पुर्व अनुसूची - ४ बमोजिमको प्रतिबद्धता जाहेर गनपुर्नेछ ।

## विविधः

११. कार्यविधि संशोधन: यस कार्यविधिको कुनैपनि दफा तथा उपदफा समय अनुसार संशोधन गनपुर्ने आवयकता देखिएमा गाउँ कार्यपालिकाले संसोधन गर्न सक्नेछ।

१२.	कार्यविधि लागुहनेः  यस कायविधिमा अन्यन्त्र जनुसकै कुरा लेखिएको भएता पनि प्रचलित ऐन कानूनमा स्पष्ट उल्लेख भएको व्यबस्था र प्राबधानहरुको हकमा सोही बमोजिम हुनेछ ।

अनसुची १

परिच्छेद १ को दफा २ को (ज) सँग समबन्धित

परिच्छेद ५ बमोजिमको छात्रवृत्ति वितरण गर्ने प्रयोजनको लागि प्राविधिक शिक्षा भन्नाले तपसिल बमोजिमको शिक्षालाई बुझिनेछः

१. इन्जीनियरिङ

i. Civil Engineering
ii. Electronic Engineering
iii. Industrial EngineeringElectrical Engineering
iv. Computer Engineering
v. Mechanical Engineering
vi. Automobile Engineering
vii. Goemetics Engineering
viii. Agricultural Engineering
ix. Architecture Engineering
x. Aerospace Engineering

२. चिकित्साशास्त्र

i. MBBS
ii. Bachelor of Ayurvedic Medicine and Surgery(BAMS)
iii. Bachelor Of Dental Surgery(BDS)
iv. Bachelor Of Public Health(BPH)
v. Bachelor of Science in Medical Laboratory Technology(Sc.MLT)
vi. Bachelor of Science in Medical Imaging Technology(Sc.MIT)
vii. Bachelor in Optometr
vii. Bachelor of Genetic Science in Nursing
viii. Bachelor in Audiology Speech Language Pathology
ix. Bachelor in Pharmacy
x. Bachelor of Nursing Science in Adult Community and Child Psychiatry)

३. वन विज्ञान

i. Bachelor of Forestry

४.पशु तथा कृषि विज्ञान तर्फः

i.Bachelor Of Science in Agriculture
ii. Bachelor of Veterinary Science and Animal Husbandry
iii.I.Sc.Ag, 3yrs iv. Bsc.Ag., 4yrs
v. Msc.Ag., 2yrs vi. Bvsc. And AH vii. MvSc

५. विज्ञान तथा प्रविधि तर्फ

i. I.Sc General ii. B.sc General iii. M.Sc General
iv. B. Tech(Food)
v. B.Sc. (CSIT) vi. B.Math.Sc.
v. B.Sc.(nutrition and dietetics)
vi. B.IT

## अनुसूची — २

(परिच्छेद - दफा  को उपदफा     (क) संग सम्बन्धीत)

ताप्ली गाउँपालिका

गाउँकार्यापालिकाको कार्यालय

शिक्षा युवा तथा खेलकुद शाखा रुपाटार, उदयपुर

छात्रवृति आवेदन फारम २०७९

| | | | |
|---|---|---|---|
| १ | निवेदक विद्यार्थीको नाम/थरः | २ | स्थायी ठेगानाः |
| ३ | अध्ययनरत तह र विषयः | ४ | लिङ्गः |
| ५ | जन्ममितिः | ६ | अपाङ्गता भएमा वर्ग खुलाउनेः |
| ७ | जातीः जनजाती/मुक्त कमैया, क्षेत्री, व्राम्हण, दलित, अन्य । | | |
| ८ | अध्ययनरत शैक्षिक संस्थाको नामः | | |
| ९ | अध्ययनरत शैक्षिक संस्थाको किसिमः (क) सामुदायिक (ख) संस्थागत (ग) गुठी (घ) अन्य | | |
| १० | सम्पर्क फोन नं. | | |
| ११ | परिचय पत्र नं. र किसिमः | | |
| १२ | बुवाको नाम/थरः | | |
| १३ | आमाको नाम/थरः | | |
| १४ | बुवा आमाको अवस्थाः (क) दुवै जीवीत (ख) एकल अभिभावक | (ग) दुवै नभएको | |
| १५ | SEE उत्तीर्ण साल र प्राप्त ग्रेडः | | |
| १६ | + २ उत्तीर्ण साल र प्राप्त ग्रेडः | | |
| १७ | पारिवारिक प्रमुख आयश्रोतः (क) कृषि (ख) रोजगारी | (ग) घर भाडा | |
| | (घ) व्यापार (ङ) वैदेशिक रोजगार | (च) अन्य | |
| १८ | छात्रवृति फारम भरेको समुहः | | |
| १९ | बैवाहिक स्थितिः विवाह दर्ता न. र मितिः | | |

(मैले यस आवेदनमा खुलाएका सम्पुर्ण विवरण सत्य छन्। कुनैकुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/ बझुाउनेछु।)

आवेदकको ल्याप्चे सहिछाप

दायाँ बायाँ

निवेदककोःनाम/थरः

हस्ताक्षरः

मितिः

सम्पर्क नं.:

सिफारीस गर्ने सम्बन्धित शिक्षण संस्थाको प्रधानाध्यापककोः

नाम/थरः

हस्ताक्षरः

प्रमाणित गर्ने शिक्षा यूवा तथा खेलकुद शाखा प्रमुखकाः

नाम/ थर

हस्ताक्षरः

# अनसुची ३

परिच्छेद ३ (ङ), परिच्छेद ४(ग) , परिच्छेद ५ (घ) , परिच्छेद ६ (ज) र परिच्छेद ७ (क) छसँग समबन्धित छात्रवृत्ति रकम देहाय बमोजिम हुनेछ ।

| शीर्षक | अधिकतम छात्रवत्ति रकम |
|---|---|
| १. दलित उच्च शिक्षा छात्रवृत्ती | १. प्रति व्यक्ति रु २००००/- मात्र । |
| २. प्राविधिक शिक्षा छात्रवृत्ती | २. प्रति व्यक्ति बढिमा एक लाख रुपैया मात्र । |
| ३. बुहारी छात्रवृत्ती | ३. प्रति व्यक्ति बढिमा बीस हजार रुपैया मात्र । |
| ४. असाहाय विपन्न विद्यालय शिक्षा छात्रवृत्ती | ४. प्रति व्यक्ति बढीमा पच्चीस हजार रुपैया मात्र । |
| ५. MBBS अध्ययन सहयोग छात्रवृत्ती | ५. एक जनालाई बढिमा पाँच वर्षको लागि प्रति वर्ष बढिमा दश लाख रुपैयाका दरले मात्र । |

अनसुची ४

को ९(घ) संग समबन्धित

प्रतिबद्धता पत्र

उदयपुर जिल्ला ताप्ली गाउँपालिकाको वडा नं............मा स्थायी बसोबास गर्ने.....................................को नाति/नातिनी ........................................... तथा .....................................को छोरा/छोरी म निवेदक ..............................................ले

..........................................विद्यालयमा ...........................................विषय लिई एम.बि.बि.एस.

तहको शिक्षा अध्ययन गरिरहेको साथै आर्थिक रुपमा विपन्न,जेहेन्दार, तथा बाल विवाह नगरेको विद्यार्थी समेत भएकोले तहाँ गाउँपालिकाबाट उपलब्ध हनु एम.बि.बि.एस. अध्ययन छात्रवृत्ति प्राप्त गरि अध्ययन गर्न पाएको खण्डमा अध्ययन समाप्ति पश्चात गाउँपालिकाले तोकिएको ठाउँमा ............ वर्ष सेवा गर्ने लिखित प्रतिबध्दता जाहेर गर्दछु ।

**प्रतिबद्धता जाहेर गर्ने सम्बन्धित विद्यार्थिको नाम/थरः**

हस्ताक्षरः

सहि छापः

आज्ञाले

....................

प्रमुख प्रशासकीय अधिकृत

मितिः२०७९/१०/३